४८४

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं वैशाख ८ गते २०१० साल [संख्या ३५

## भाग २

## अर्थ (आय) विभागको सूचना

### विदेशी मदिरा पैठारी र बिक्री लाइसेन्स

उपरोक्त विषयमा देहायबमोजिमको नियम ०६।११।२१ को श्री ५ महाराजाधिराज र मौसूफका परामर्शदाताहरूको सभाबाट पास भई आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला।

(१) नेपाल भरमुलुक जुनसुकै जिल्लामा पनि विदेशी मदिरा पसल थाप्न वा बार-खोल्न रु ५०० फि. बुझाई गृहविभागबाट लाइसेन्स लिनुपर्छ। विनालाइ-सेन्स कसैले पसल वा वार खोले त्यस्तालाई रु १००० जरीवाना गरी पसल वार बन्द गराइदिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८५